# संघीय संसद

# प्रतिनिधि सभा

# कृषि, सहकारी तथा प्राकृतिक श्रोत समिति

## वार्षिक प्रतिवेदन, २०७६/०७७

कृषि, सहकारी तथा प्राकृतिक श्रोत समिति सचिवालय
सिंहदरवार, काठमाण्डौ।
**Email:coacn@parliament.gov.np**
**URL :www.parliament.gov.np**

# संघीय संसद

# प्रतिनिधि सभा

# कृषि, सहकारी तथा प्राकृतिक श्रोत समिति

## वार्षिक प्रतिवेदन, २०७६/०७७


कृषि, सहकारी तथा प्राकृतिक श्रोत समिति सचिवालय

सिंहदरवार, काठमाण्डौ।

**Email: coacn@parliament.gov.np**

**URL : www.parliament.gov.np**

**सम्माननीय सभामुख महोदय**

**माननीय सदस्यज्यूहरु**

प्रतिनिधि सभाको नियमित कार्यमा सहयोग पुर्याउन प्रतिनिधि सभाले विषयगत समिति गठन गर्न सक्नेछ भन्ने प्रतिनिधि सभा नियमावलीको व्यवस्था अनुसार यो समिति गठन भएको थियो। हाल यो समितिमा पदेन सदस्य बाहेक २४ जना माननीय सदस्यहरु रहनु भएको छ।

संघीय संसद, प्रतिनिधि सभा नियमावली, २०७५ बमोजिम समितिको कार्यक्षेत्र भित्र उर्जा, जलश्रोत तथा सिंचाई, कृषि तथा पशुपंक्षी बिकास, भुमि व्यवस्था, सहकारी तथा गरिवी निवारण र वन तथा वातावरण मन्त्रालय र ती मन्त्रालय मातहतका निकायहरु रहने व्यवस्था रहेको छ।

समितिले आफ्नो कार्यसम्पादन गर्ने क्रममा जम्मा ११३ वटा बैठक बसी सम्वद्ध मन्त्रालय र मातहतका निकायहरुका प्रतिनिधिहरुका अतिरिक्त सम्वन्धित विषय विज्ञहरुलाई समितिको बैठकमा अमन्त्रण गरी छलफल र अन्तरक्रिया गरेको थियो।समितिको कार्यक्षेत्र भित्रका कार्यहरुको अध्ययन अनुगमन गर्ने क्रममा समितिले बाँके, वर्दिया, शुक्लाफाँटा, चितवन राष्ट्रिय निकुञ्ज र कोशीटप्पु वन्य जन्तु आरक्षको स्थलगत अनुगमन गरेको थियो । साथै राष्ट्रिय प्रकृति संरक्षण कोष अन्तर्गत अन्नपुर्ण क्षेत्र संरक्षण क्षेत्रको स्थलगत अवलोकन गरेको थियो । त्यसै गरि नेपाल कृषि अनुसन्धान परिषद्द्वारा संचालन गरिएका बाँके, सुर्खेत, दैलेख र कपिलवस्तु जिल्लाका अनुसन्धान केन्द्रहरुको स्थलगत अध्ययन गरी सुझाव तथा निर्देशनहरु दिएको थियो।

समितिले विभिन्न निकायहरुसंग गरेको छलफलको क्रममा सम्वन्धित निकायहरुले संचालन गरेका योजनाहरु, आगामी बर्षहरुमा सञ्चालन गर्ने योजनाहरु, संगठन संरचना, कार्यसम्पादनका क्रममा भोग्नु परेका समस्यहरु र आगामी दिनमा गर्नुपर्ने सुधारका सम्वन्धमा छलफल गरी आवश्यक सुझाव तथा निर्देशन दिएको थियो।

समितिले विधि निर्माण कार्यलाई उच्च प्राथमिकतामा राखि यस अवधिमा समितिले ५ वटा विधेयकहरु सम्वन्धी प्रतिवेदन सम्मानित सदन समक्ष प्रस्तुत गरेको थियो ।

अन्तमा समितिको कार्यसम्पादनमा पुर्याएको सहयोगको लागी सम्माननीय सभामुख, माननीय मन्त्री, माननीय उपसभामुख, माननीय सदस्यहरु, राष्ट्र सेवक कर्मचारीहरु, विज्ञहरु लगायत आम संचारकर्मीहरु सवैलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

प्रतिनिधि सभा नियमावली २०७५ को नियम १७५ को उपनियम ७ ले प्रतिनिधि सभामा बजेट प्रस्तुत हुनु अगाबै समितिको बार्षिक प्रतिवेदन पेश गर्ने व्यवस्था भए बमोजिम समितिले तयार गरेको बार्षिक प्रतिवेदन, २०७६/०७७ सम्मानीय सभामुखज्यू मार्फत सम्मानित सदन समक्ष प्रस्तुत गर्दछु।

धन्यवाद ।

२०७७।०२।..

पूर्णकुमारी सुवेदी
सभापति
कृषि, सहकारी तथा प्राकृतिक श्रोत समिति

# विषय-सूची

विषय | पृष्ठ संख्या


**परिच्छेद-१**
**परिचय** १-४

१.१ पृष्ठभूमी ---------- १
१.२ समितिको महत्व ---------- १
१.३ समितिको कार्यक्षेत्र ---------- २
१.४ समितिको काम, कर्तब्य र अधिकार ---------- २
१.५ कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको गठन ---------- ३
१.६ अध्ययन विधि ---------- ३
१.७ समितिको बैठक सञ्चालन प्रक्रीया ---------- ४
१.८ समितिको सचिवालय ---------- ४

**परिच्छेद–२**
**समितिबाट भए गरेका कार्यहरु** ५-१३

२.१ उर्जा जलश्रोत तथा सिंचाई मन्त्रालय ---------- ५
२.२ कृषि तथा पशुपंक्षी विकास मन्त्रालय ---------- ८
२.३ भूमिव्यवस्था, सहकारी तथा गरिविनिवारण मन्त्रालय ---------- ९
२.४ वन तथा वातावरण मन्त्रालय ---------- १०

**परिच्छेद-३**
**समिति अन्तर्गत गठीत उपसमिति** १४-१८

३.१ ऊर्जा उपसमिति ---------- १४
३.२ प्रधानन्त्री कृषि आधुनिकीकरण उपसमिति ---------- १४
३.३ भूमि उपसमिति ---------- १५
३.४ वातावरण उपसमिति ---------- १६
३.५ सहकारी उपसमिति ---------- १७
३.६ सिंचाई उपसमिति ---------- १७

**परिच्छेद ४**
**विधायन सम्बन्धी कार्य** १९-२१

४.१ वातावरण संरक्षण विधेयक, २०७५ ---------- १९
४.२ भूमी सम्वन्धी (आठौं संशोधन) विधेयक, २०७५ ---------- १९
४.३ वन विधेयक, २०७५ ---------- २०
४.४ बिरुवा संरक्षण (पहिलो संशोधन) विधेयक, २०७५ ---------- २०
४.५ बीउ बिजन (दोस्रो संशोधन) विधेयक, २०७५ ---------- २१

**परिच्छेद-५**
**निष्कर्ष र सुझाव** २२-२२

५.१ समितिको निष्कर्ष र सुझाव ---------- २२

## अनुसूचीहरु

१. समितिमा रहनु भएका माननीय सदस्यहरुको नामावली

२. समिति सचिवालयमा कार्यरत कर्मचारीहरु

३. बाँके, बर्दिया, शुक्लाफाँटा, चितवन राष्ट्रिय निकुञ्ज र कोशी टप्पु वन्यजन्तु आरक्षको अनुगमन प्रतिवेदन, २०७६

४. वातावरण संरक्षण विधेयक, २०७५ सम्वन्धी समितिको प्रतिवेदन

५. भूमी सम्वन्धी (आठौं संशोधन) विधेयक, २०७५ सम्वन्धी समितिको प्रतिवेदन

६. वन विधेयक, २०७५ सम्वन्धी समितिको प्रतिवेदन

७. बिरुवा संरक्षण (पहिलो संशोधन) विधेयक, २०७५ सम्वन्धी समितिको प्रतिवेदन

८. बीउ बिजन (दोस्रो संशोधन) विधेयक, २०७५ सम्वन्धी समितिको प्रतिवेदन

## परिच्छेद-१

## परिचय

### १.१ पृष्ठभूमी

संविधानतः नेपालमा संवैधानिक राष्ट्रपति र कार्यकारी प्रधानमन्त्री रहने संसदीय प्रणाली अपनाइएको छ। राष्ट्रपतिको चुनाव प्रदेशसभा सदस्य र संघीय संसदका सदस्यहरुले गर्छन् भने प्रधानमन्त्री संसदबाट चुनिने संवैधानिक व्यवस्था रहेको छ। संसदीय व्यवस्थामा बढी शक्ति सन्तुलन र नियन्त्रणका कारण शासनमा निरंकुशताको सम्भावना न्यून रहन्छ। यस्तो ब्यवस्थामा संविधान प्रद्धत्त व्यक्तिगत स्वतन्त्रताको संरक्षण, सम्मानपूर्वक बाँच्न पाउने लगायतका मौलिक हक अधिकार सुरक्षित गरिएको हुन्छ। जनउत्तरदायी तथा लोककल्याणकारी राज्य स्थापनाका आधारका रुपमा कानूनी शासन र स्वतन्त्र न्यायप्रणालीलाई लिन सकिन्छ। व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकामा राज्य शक्ति पृथकीकरण गरिएको हुन्छ। यिनका अलावा स्वतन्त्र हैसियतका संबैधानिक अङ्गको पनि व्यवस्था गरिएको हुन्छ। राज्यका सवै अङ्गले व्यवस्थित र प्रभावकारी काम गर्दा नै लोकतन्त्र दीगो, स्थायी र जनमुखी हुन सक्छ।

संघीय संसद जनप्रतिनिधिमूलक सर्वोच्च संस्था हो। संघीय सरकार निर्माण गर्ने, सरकारलाई उत्तरदायी र जवाफदेही बनाउने, विधिपूर्वक शासन संचालनका लागि कानून निर्माण गर्ने, सरकारको काम कारवाहीको अनुगमन मूल्याङ्कन गर्ने, देशको बजेट पारित गर्ने लगायतका कामहरु संसदबाट नै हुने गर्दछ। नागरिकले आफ्नो चाहनालाई आफ्नो मताधिकार मार्फत निर्वाचित जनप्रतिनिधिबाट अभिव्यक्त गर्ने, आफ्ना अधिकार र कर्तव्य उपभोग गर्ने तथा कार्यपालिकाको निगरानी गर्ने सर्वोच्च संरचनाको रूप संसद हो। संघीय संसदले नीति निर्माणका अलावा कानूनको प्रभावकारी कार्यान्वयन भयो वा भएन भनेर नियमन र जाँचबुझ समेत गर्दछ। सरकारको कार्यलाई जनभावना अनुकुल बनाउनमा संसदको भूमिका महत्वपूर्ण हुन्छ। संसदको काम कारवाही प्रभावकारी भएमा जनप्रतिनिधिहरुको प्रतिनिधित्वको सार्थकता पनि पुष्टि हुन्छ।

संसदीय शासन प्रणालीमा सरकार प्रत्यक्ष रूपमा संसदप्रति उत्तरदायी हुन्छ। सरकारका कार्यक्रमका सम्बन्धमा संसदमा नियमित रूपमा छलफल गर्ने गरिन्छ। सरकारी क्रियाकलापको मूल्याङ्कन गर्ने, आवश्यक निर्देशन दिने, समुचित टिप्पणी र सुझावद्वारा सरकारबाट संचालित काम कारवाहीहरु जनपक्षीय बनाउन संसदीय समितिहरु क्रियाशील रहन्छन्।

### १.२ समितिको महत्व

मुलुकमा संवैधानिक एवम् कानूनी व्यवस्था बमोजिम जनचाहना अनुसारको शासन संचालन गरी जनतामा सुशासनको अनुभूति गराउनका लागि संसदीय समितिकोहरुको भूमिका अहम रहेको हुन्छ। सरकारलाई संसद प्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्याङ्कन गरी कानून बमोजिम सरकारलाई आवश्यक निर्देशन वा राय सल्लाह दिनका लागि समितिको व्यवस्था गरिएको हुन्छ।

प्रतिनिधि सभाको नियमित कार्यमा सहयोग पुर्याउन तथा नेपाल सरकारलाई प्रतिनिधि सभाप्रति उत्तरदायी, जवाफदेही बनाउन, सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन प्रतिनिधि सभामा विभिन्न विषयगत समितिहरुको व्यवस्था गरिएको छ। संसदीय पद्दती अवलम्वन गरेका मुलुकहरुमा

समितिले विधायिकी कार्यका अलावा सरकारको काम कारवाहीको निगरानीका साथै अनुगमन-मूल्याङ्कन गर्ने प्रचलन बढ्दै गएको पाइन्छ। तसर्थ संसदको कामलाई सहयोग पुर्याउन र सरकारबाट सम्पन्न हुने कार्यहरूलाई प्रभावकारी बनाउन, संसदको कार्यबोझ कम गर्न, संसदीय काम कारवाहीहरुमा विषेशज्ञ सेवा प्राप्त गर्न समेत संसदीय समितिहरू गठन गर्ने गरिन्छ।

सरकारबाट भए गरेका काम कारवाहीहरू ठीक ढङ्गले भएका छन् वा छैनन् भनि जाँच्ने संयन्त्र संसदीय समिति हो। समितिले सरकारी काम प्रभावकारी ढङ्गबाट कसरी गर्न सकिन्छ भन्ने सम्बन्धमा सरकारलाई आवश्यक निर्देशन एवम् सुझाव दिने र आफ्नो राय सहितको प्रतिवेदन बैठकमा पेश गर्ने गर्दछ। सरकारलाई प्रतिनिधि सभा प्रति उत्तरदायी बनाउन र जनअपेक्षा अनुरुप काम कारवाही होस् भन्नका लागि नै प्रतिनिधि सभामा समितिको व्यवस्था गरिएको हो।

साथै, प्रत्यायोजित विधायन अन्तर्गत निर्माण हुने कानूनको परिधी नियन्त्रण गर्ने, प्रतिवेदन तथा निर्णय मार्फत सरकारलाई आवश्यक सुझाव, सल्लाह तथा निर्देशन दिने र मुलुकमा सुशासन कायम गर्ने सम्बन्धमा प्रतिनिधि सभाका समितिहरुले महत्वपूर्ण भूमिका निर्वाह गर्दछन्। यस्तै प्रकृतिका व्यवस्थापिकीय कार्य सम्पादन गर्ने हुनाले संसदीय समितिलाई Mini Parliament पनि भन्ने गरिन्छ।

## १.३ समितिको कार्यक्षेत्र

नेपालको संविधानको धारा ९७ ले दिएको अधिकार प्रयोग गरी प्रतिनिधि सभाले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७० बमोजिम विषयगत समितिहरुको गठन गरेको छ। नेपाल सरकारलाई प्रतिनिधि सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्यांङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिनका लागि दश वटा विषयगत समितिहरुको व्यवस्था गरिएको छ। जस मध्ये कृषि, सहकारी तथा प्राकृतिक श्रोत समिति एक हो। यस समितिको कार्य क्षेत्रभित्र उर्जा जलश्रोत तथा सिंचाई, कृषि तथा पशुपंक्षी विकास, भूमिव्यवस्था, सहकारी तथा गरिवी निवारण र वन तथा वातावरण मन्त्रालय गरी चार वटा मन्त्रालय र सो मातहतका निकायहरु रहेका छन्।

## १.४ समितिको काम, कर्तब्य र अधिकार

प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७५ ले आफ्नो कार्यक्षेत्रको परिधिभित्र रही प्रत्येक विषयगत समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ भनी उपनियम (१) मा समितिको काम, कर्तव्य र अधिकार तोकिएको छ-

(क) आ-आफ्नो कार्यक्षेत्र भित्र पर्ने मन्त्रालय, आयोग र निकायसँग सम्बन्धित विधेयक उपर दफावार छलफल गरी सो सम्बन्धी प्रतिवेदन पेश गर्ने,

(ख) मन्त्रालय, विभाग र अन्तर्गतका निकायको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरू यस्तै क्रियाकलापको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने,

(ग) मन्त्रालय, विभाग र अन्तर्गतका निकायको राजस्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरिका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा के कति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र आफ्नो राय सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने,

(घ) मन्त्रिले सरकारको तर्फबाट बैठकमा समय-समयमा दिएका आश्वासनलाई पूरा गर्न नेपाल सरकारद्वारा के-कस्ता कदम उठाइएका छन् सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने,

(ङ) विषयसँग सम्बन्धित सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए, नभएको अध्ययन, अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने,

(च) सभाद्वारा प्रत्यायोजित अधिकार अन्तर्गत बनाइएको नियम, संविधान, सम्बन्धित ऐन, प्रचलित कानून बमोजिम बनेको छ वा छैन र सरकारद्वारा प्रचलित ऐन, नियम अनुरुप काम भए गरेको छ वा छैन भन्ने विषयमा मुल्यांकन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

(छ) सरकारद्वारा समय-समयमा गठन हुने छानबिन आयोग/समिति र जाँचबुझ आयोग/समितिद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने,

(ज) मन्त्रालय, विभाग र अन्य निकायबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्याङ्कन गरी सो सम्बन्धमा आवश्यक निर्देशन दिने,

(झ) बैठकले सुम्पेको अन्य काम गर्ने, र

(ञ) समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधीनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने।

## १.५ कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको गठन

प्रत्येक समितिमा सभामुखले प्रतिनिधि सभाको सहमति लिई पदेन सदस्य बाहेक बढीमा २७ जना सदस्यहरु मनोनयन गर्ने, प्रधानमन्त्री सबै समितिको र समितिको कार्यक्षेत्रसँग सम्बन्धित मन्त्री सो समितिको पदेन सदस्य रहने व्यवस्था छ। समितिका सदस्यहरुको मनोनयन गर्दा सदनमा प्रतिनिधित्व गर्ने राजनीतिक दलको सदस्य संख्या, महिला, दलित, आदिवासी जनजाति, खस-आर्य, मधेशी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदाय समेतको समानुपातिक प्रतिनिधित्वलाई ध्यान दिनु पर्ने व्यवस्था रहेको छ।हाल समितिमा कायम रहनु भएका माननीय सदस्यहरुको नामावली अनुसूचि-१ मा राखिएको छ।

## १.६ अध्ययन विधि

समितिले आफ्नो कार्यक्षेत्रभित्रका विषयहरुमा प्राथमिक एवम् माध्यामिक तथ्याङ्कको उपयोग गरी संसदको नियमित कार्यमा आवश्यक सहयोग पुर्याउँदै आएको छ।समितिले आफ्नो कार्यसम्पादन गर्न विभिन्न पत्र पत्रिकाहरुमा

प्रकाशित समाचार, समितिमा प्राप्त सुझाव उजुरी तथा गुनासोहरु, विज्ञहरुको राय सुझाव, अन्तर्राष्ट्रिय अभ्यास, सरकारबाट प्राप्त प्रतिवेदन एवम् जानकारीहरु तथा कतिपय अवस्थामा स्थलगत अध्ययन, अवलोकन मार्फत सरकारलाई आवश्यक निर्देशन वा राय सल्लाह प्रदान गर्ने गरेको छ।

## १.७ समितिको बैठक सञ्चालन प्रक्रीया

समितिको बैठक सम्बन्धित समितिको सभापतिले आवश्यकता अनुसार बोलाउन सक्ने, बैठकमा सभापतिले वा निजको अनुपस्थितिमा समितिका सदस्यहरुले आफूमध्येबाट छानेको व्यक्तिले सभापतित्व गर्ने र सदस्यहरुले आफूमध्येबाट छानेको व्यक्तिले सभापतित्व गरेकोमा सोको जानकारी सभामुखलाई दिनु पर्ने व्यवस्था छ। साथै समितिको गणपुरक संख्या समितिको सम्पूर्ण सदस्य संख्याको एकाउन्न प्रतिशत हुनुपर्ने व्यवस्था रहेको छ।

समितिको बैठकमा उपस्थित समितिका सदस्यहरुको बहुमतको निर्णय समितिको निर्णय मानिने, मत बराबर भएमा सभापतिले निर्णायक मत दिन सक्ने र समितिको निर्णय प्रमाणीकरण सभापति र समिति सचिवले गर्ने व्यवस्था रहेको छ।

सभापतिले उपयुक्त सम्झेमा समितिको आन्तरिक काम कारवाही सम्पन्न गर्न वा समितिको कार्यक्षेत्र भित्रको विषयमा अध्ययन गरी प्रतिवेदन दिन समितिका सदस्यहरु मध्येबाट उपसमिति गठन गर्न सकिने व्यवस्था छ। उपसमिति गठन गर्दा उपसमितिले गर्नुपर्ने काम र सो काम सम्पन्न हुनु पर्ने अवधि समेत किटान गरिनु पर्दछ। कुनै विषयको अध्ययन गरी प्रतिवेदन दिन उपसमितिका सदस्यहरुले कुनै स्थानको भ्रमण गर्नु परेमा सभापति मार्फत सभामुखको पूर्व स्वीकृति लिई भ्रमण गर्नु पर्ने व्यवस्था रहेको छ।

समितिमा कुनै विषयमाथि छलफल हुँदा विषयको प्रकृति हेरी सम्बन्धित मन्त्रीले आवश्यक ठानेमा सो विषयका सम्बन्धमा स्पष्ट जानकारी दिन नेपाल सरकारको सम्बन्धित अधिकारी वा विशेषज्ञलाई सभापतिको अनुमति लिई समितिमा लिएर जान सकिने र समितिले आवश्यक ठानेमा सम्बन्धित पक्ष वा हित समुहका प्रतिनिधि र विशेषज्ञलाई समेत आमन्त्रण गरी सुझाव लिन सक्ने व्यवस्था रहेको छ। सोही व्यवस्थाका आधारमा संसद र यसका समितिमा मुख्य रुपमा मन्त्री नै उत्तरदायी रहने र आफ्नो सहयोगका लागि अन्य सम्बन्धित अधिकारी वा विज्ञको सहयोग लिन सकिने प्रावधान रहेको छ। समितिले आफ्नो कामको सिलसिलामा आवश्यक कुनै कागजपत्र झिकाउन वा कुनै व्यक्ति वा पदाधिकारीलाई उपस्थित गराउन र उपस्थित गराईएको व्यक्ति वा पदाधिकारीलाई बयान लिन र बकपत्र गराउन सक्ने व्यवस्था छ।

समितिको प्रतिवेदन सभापतिले वा निजको अनुपस्थितिमा सभामुखले तोकेको सो समितिको अन्य कुनै सदस्यले प्रतिनिधि सभामा पेश गर्नु पर्दछ। प्रतिवेदन पेश गर्दा प्रतिवेदनको सम्बन्धमा संक्षिप्त वक्तव्य दिन सक्ने र त्यसरी सभामा पेश भएका प्रतिवेदनको कार्यान्वयन सम्बन्धित मन्त्रीले गर्नु पर्ने ब्यवस्था छ । समितिले आफ्नो वार्षिक प्रतिवेदन कार्यान्वयन भए नभएको अनुगमन एवं मूल्याङ्कन गरी सोको प्रतिवेदन सभामा पेश गर्न सक्ने व्यवस्था रहेको छ।

## १.८ समितिको सचिवालय

संघीय संसद, प्रतिनिधि सभा अन्तर्गत गठन हुने प्रत्येक समितिको छुट्टा छुट्टै सचिवालय रहने व्यवस्था रहेको छ। प्रतिनिधि सभाका सचिव प्रत्येक समितिको पदेन सचिव हुने व्यवस्था छ। महासचिवले आफू मातहतको वरिष्ठ अधिकृतलाई समिति सचिव भई काम गर्न तोक्न सक्ने समेत व्यवस्था छ।समिति सचिवले समितिको कार्य सम्पादनमा सहयोग पुर्याउन सम्बन्धित मन्त्रालय, विभाग वा निकायसँग आवश्यक जानकारी माग गर्न सक्ने व्यवस्था रहेको छ।सचिवालयमा कार्यरत कर्मचारीको नामावली अनुसूची-२ मा राखिएको छ।

## परिच्छेद-२

## समितिबाट भए गरेका कार्यहरु

नेपालको संविधानको भाग ८ मा संघीय व्यवस्थापिका सम्बन्धी व्यवस्था रहेको छ।संविधानको धारा ९७ मा प्रतिनिधि सभाले संघीय कानून बमोजिम समितिहरु गठन गर्न सक्ने व्यवस्था रहेको छ।संघीय संसद, प्रतिनिधि सभा नियमावली, २०७५ बमोजिम समितिका कार्यक्षेत्र भित्रका मन्त्रालय, विभाग र अन्तर्गतका निकायहरुको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरु यस्तै क्रियाकलापहरुको मूल्याकन गरी आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन प्रतिनिधिसभामा पेश गर्न सक्ने व्यवस्था रहेको छ।

यस प्रतिवेदनले सरकारलाई वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग पुर्‍याउनुका अतिरिक्त सरकारका काम कारवाही प्रभावकारी बनाई जनपक्षीय बनाउन मद्दत पुर्याउने छ।सरकाबाट सम्पादित कामलाई जनताप्रति जवाफदेही वनाउने, प्रचलित ऐन, नियम अनुरुप भए भएनन् भनी संसदीय निगरानी गर्ने, कामकारवाही कानून सङगत र औचित्यपूर्ण तबरबाट गराउने लगायतका कार्यमा समितिमा छलफल गरी सरकारलाई आवश्यक निर्देशन गरिएको छ।साथै समिति मातहतका सरकारी संगठनहरुको संरचनागत सुधार एवं साधन स्रोत र जनशक्तिको उचित व्यवस्थापन सम्बन्धमा समेत व्यापक छलफल गरी आवश्यक सुधारका लागि निर्देशन दिएको छ।

### २.१ उर्जा जलश्रोत तथा सिंचाई मन्त्रालय

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्य क्षेत्र देहाय बमोजिम रहेको छः–

१. जलस्रोत र ऊर्जाको दिगो विकास, संरक्षण, उपयोग र पानीको बाँडफाँड सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन;
२. जलस्रोत र ऊर्जा पूर्वाधार संरचना निर्माण सम्बन्धी एकीकृत नीति, कानून, मापदण्ड र नियमन;
३. सिँचाई सम्बन्धी एकीकृत नीति, कानून र मापदण्ड;
४. नदी बेसिन योजना र जलउपयोगसम्बन्धी गुरुयोजना र नियमन;
५. जलस्रोत, ऊर्जा, सिँचाई र भूमिगत जलस्रोत सम्बन्धी अध्ययन, अनुसन्धान र प्रविधि विकास;
६. प्रमुख नदीहरुको बहाव क्षेत्र निर्धारण र सो क्षेत्रको जमीनको संरक्षण, व्यवस्थापन र उपयोग सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन;
७. जलस्रोत सम्बन्धी बस्तु वा सेवा उपयोगको मापदण्ड र नियमन;
८. जलस्रोत, ऊर्जा र सिँचाई क्षेत्रसँग सम्बन्धित निकायहरुसँगको समन्वय;
९. संघीय र अन्तर प्रदेशस्तरमा संचालन हुने जलस्रोत बहुउद्देश्यीय आयोजनाको पहिचान, अध्ययन, निर्माण र नियमन;

१०. संघीय र प्रादेशिक सिँचाईर अन्तर प्रदेश जलउत्पन्न प्रकोप नियन्त्रण आयोजनाको पहिचान, अध्ययन, निर्माण र नियमन;

११. जलस्रोत, ऊर्जा र सिँचाई सम्बन्धी ठूला पूर्वाधार आयोजनाबाट विस्थापितहरुको पुनर्वास र पुनर्स्थापना;

१२. संघीय र अन्तर प्रदेश सिँचाई प्रणालीको बाँध, जलाशय, अन्य संरचना, मूलनहरको संचालन, मर्मत-सम्भार, व्यवस्थपन सम्बन्धी नीति, मापदण्ड र कार्यान्वय;

१३. प्रदेश सीमा नदीको बाढी र नदी नियन्त्रण कार्यक्रम संचालनमा समन्वय र सहयोग;

१४. जलस्रोत, ऊर्जा र सिँचाई सम्बन्धी तथ्याङ्क व्यवस्थापन, अध्ययन अनुसन्धान;

१५. राष्ट्रिय र अन्तराष्ट्रिय विद्युत प्रशारण लाइन तथा विस्तार;

१६. राष्ट्रिय र अन्तराष्ट्रिय विद्युत प्रशारणसम्बन्धी नीति, कानून, मापदण्ड, सन्धि-सम्झौता, कार्यान्वयन र नियमन;

१७. राष्ट्रिय महत्वका बहुउद्देश्यीय जल आयोजना र अन्तरजलाधार स्थानान्तारण;

१८. विद्युत सेवाको मापदण्ड, गुणस्तर र महशुल सम्बन्धी नीति र नियमन;

१९. विद्युत सेवाको राष्ट्रिय र क्षेत्रीय भार प्रणाली व्यवस्थापन र संचालन;

२०. नवीकरणीय र बैकल्पिक ऊर्जाको उपयोग, गुणस्तर र मापदण्ड;

२१. विद्युत विकासमा लगानी;

२२. जलतथा मौसम विज्ञान सेवा सम्बन्धी, कानून, मापदण्ड, तथ्याङ्क, योजना, कार्यान्वयन र नियमन;

२३. मौसम तथा बाढी पूर्वानुमान;

२४. विपद पूर्वसूचना प्रणालीको विकास तथा सम्प्रेषण;

२५. जलबायुसम्बन्धी अध्ययन तथा अनुसन्धान, सूचनाआदान प्रदान;

२६. जल तथा मौसम राडार, रेडियोसोन्डे, चटयाङ नेटवर्क , सौर्विकिरण केन्द्रहरुको व्यवस्थापन र सूचना प्रवाह;

२७. हिमनदी तथा हिमताल;

२८. मन्त्रालय सम्बन्धी राष्ट्रिय अन्तराष्ट्रिय सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय;

२९. मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चलन र नियमन;

३०. नेपाल इन्जिनियरीङ सेवाअन्तर्गत देहायका समूह, उपसमूहको सञ्चालन:-

(क) इलेक्ट्रिकल इन्जिनियरिङ समूह;

(ख) मेकानिकल इन्जिनियरिङ समूह;

(ग) मेटेरेलोजि समूह;

(घ) एगृ इरिगेशन समूह;

(ङ) सिभिल इन्जिनियरिङ समूहको इरिगेशन, हाइड्रोपावर र हाइड्रोलजी उपसमूह।

उल्लेखित कार्यक्षेत्र भित्र रही सम्पादित काम कारवाहीका सम्बन्धमा समितिले संघीय संसद, प्रतिनिधि सभा नियमावली, २०७५ बमोजिम सरकारलाई संसदप्रति उत्तरदायी र जवाफदेही बनाउन सम्पादन गरेका मुख्य–मुख्य कार्यहरु देहाय बमोजिम रहेका छन्:–

- राष्ट्रिय गौरबको बुढिगण्डकी जलाशययुक्त जलविद्युत आयोजनाको लागि अधिकांश स्थानमा आवश्यक जग्गा प्राप्ति भै सक्दा समेत आरुघाट लागयत केही स्थानको मुआब्जा निर्धारण हुन नसकेको प्रति समितिको गम्भिर ध्यानाकर्षण भई तीन महिनाभित्र मुआब्जा दिन बाँकी जग्गाहरुको मुआब्जा वितरण सम्वन्धी कार्य सम्पन्न गर्न ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयलाई निर्देशन दिएको ।
- बुढी गण्डकी जलविद्युत आयोजनाबाट बिस्तृत परियोजना प्रतिवेदन (DPR) अनुसार १२०० मेघावाट क्षमतामा नै आयोजनाको निर्माण प्रकृया तत्काल अगाडि बढाउन ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयलाई निर्देशन दिएको ।
- भुटान, बंगलादेश, भारत र नेपालका ऊर्जा हेर्ने संसदीय समितिका माननीय सदस्यहरुबीच Regional Parliamentary Committee Seminar काठमाण्डौमा आयोजना गर्नको लागि देहायको कार्यक्रम मूल समारोह समिति गठन भएको:

  क समितिका माननीय सभापति - अध्यक्ष

  ख समितिका मा० सदस्यहरु – सदस्य

  ग सचिव, अर्थ मन्त्रालय - सदस्य

  घ सचिव, ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय- सदस्य

  ङ सचिव, परराष्ट्र मन्त्रालय - सदस्य

  च सचिव, वन तथा वातावरण मन्त्रालय - सदस्य

  छ कार्यकारी प्रमुख, लगानी वोर्ड नेपाल -सदस्य

  ज कार्यकारी प्रमुख, नेपाल विद्युत प्राधिकरण -सदस्य

  झ समिति सचिव - सदस्य सचिव

  कार्यक्रम मूल समारोह समितिलाई आवश्यक सहयोग गर्न देहायका उपसमितिहरु गठन गरिएको:

  - **Program coordination subcommittee**
    मा० घनश्याम खतिवडा -संयोजक
    मा० पोल्देन छोपाङ गुरुङ - सदस्य
    मा० भवानीप्रसाद खापुङ - सदस्य
  - **Venue coordination subcommittee**
    मा० भुपेन्द्र बहादुर थापा -संयोजक
    मा० भुमि प्रसाद त्रिपाठी - सदस्य
    मा० लालकाजी गुरूङ्ग - सदस्य
  - **Promotion coordination subcommittee**
    मा० शान्तिमायाँ तामाङ संयोजक-
    मा० चन्द्रकान्त चौधरी सदस्य-
    मा० देवप्रसाद तिमल्सेना सदस्य-

- **Hospitality coordination subcommittee**

  मा० सत्यनारायण शर्मा खनाल संयोजक-

  मा० नागेन्द्र कुमार सदस्य-

  मा० राजबहादुर बुढाक्षेत्री सदस्य-

- कार्यक्रममा आवश्यक वजेट ब्यवस्थापन र अन्य आवश्यक सहयोगका लागि लगानी बोर्ड नेपाललाई अनुरोध गरिएको ।

उल्लेखित Regional Parliamentary Committee Seminar विश्वव्यापी महामारीको रुपमा फैलिएको COVID-19 का कारण हाललाई स्थगित रहेको ।

## २.२ कृषि तथा पशुपंक्षी विकास मन्त्रालय

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्य क्षेत्र देहाय बमोजिम रहेको छः–

१. कृषि सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन

२. खाद्यान्न, नगदेबाली, औद्योगिक बाली (सजिवन तथा रबर प्लान्टसमेत), तरकारी र फलफूल खेतीको विकास तथा प्रवर्द्धन

३. कृषि रसायन तथा माटो सम्बन्धी अनुसन्धान र प्रविधि विस्तार

४. कृषि इन्जिनियरिङ र उन्नत कृषि औजारको अनुसन्धान, विकास तथा विस्तार

५. बाली संरक्षण, अनुसन्धान तथा सर्वेक्षण

६. कृषि प्रचार प्रसार तथा युवा कृषक कार्यक्रम

७. कृषि नर्सरी तथा बीउ बिजनको विकास

८. रेशम खेती

९. कृषिक्षेत्रको व्यवसायीकरण, औद्योगिकीकरण र कृषिजन्य वस्तुको बजार व्यवस्थापन तथा विस्तार

१०. प्राङ्गारिक, जैविक तथा रासायनिक मल

११. खाद्य गुणस्तर निर्धारण, अनुसन्धान, नियन्त्रण तथा विस्तार

१२. कृषि क्षेत्रको बिऊ, बिजन, बिरुवाको गुणस्तर निर्धारण, प्रमाणीकरण तथा नियमन

१३. कृषि क्षेत्रसंग सम्बन्धित विषयमा अध्ययन, अनुसन्धान तथा सर्वेक्षण

१४. खाद्य सुरक्षा

१५. कृषि सूचना प्रणाली

१६. कृषि वातावरण तथा विषादि व्यवस्थापन

१७. प्राङ्गारिक खेती तथा प्राङ्गारिक प्रमाणीकरण

१८. कृषि सम्बन्धी जैविक विविधता र जैविक प्रविधि (द्यष्य(तभअजलययिनथ) को विकास तथा विस्तार

१९. फसल बिमा

२०. कृषि वस्तु, सेवा र प्रविधिको सम्बद्धता, स्तरीयकरण तथा प्रमाणीकरण

२१. कृषि सम्बन्धी प्रयोगशालाको सम्बद्धता सम्बन्धी विषय

२२. खाद्यान्नबाली र अत्यावश्यक वस्तुहरूको उत्पादन तथा बजार व्यवस्थापन

२३. संयुक्त राष्ट्रसङ्घीय खाद्य तथा कृषि सङ्गठन, विश्व पशु स्वास्थ्य सङ्गठन, कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष तथा अन्तर्राष्ट्रिय कृषि संस्था
२४. कृषि फार्म तथा कृषि केन्द्र
२५. कृषि सम्बन्धी संस्थान, समिति तथा कम्पनी
२६. नेपाल कृषि सेवाको सञ्चालन
२७. पशु विकास सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन
२८. पशुपंक्षी पालन तथा यसको विकास, व्यवस्थापन, नश्लसुधार, दाना र चरनको अनुसन्धान तथा विकास
२९. पशुचिकित्सा, औषधि उत्पादन तथा नियमन
३०. दुग्ध र दुग्ध पदार्थबाट बनेका वस्तुहरुको अनुसन्धान, विकास तथा बजार प्रवद्र्धन
३१. मत्स्यपालन र जलचर सम्बन्धी अध्ययन, अनुसन्धान, विकास तथा बजार प्रबर्द्धन
३२. माहुरीपालन तथा रेशम खेती
३३. खाद्य, पशु तथा प्लान्ट क्वारेन्टाइन
३४. पशुपंक्षीसँग सम्बन्धित विषयमा अध्ययन, अनुसन्धान तथा सर्वेक्षण
३५. मासु तथा मासुजन्य पदार्थ र पशु छाला तथा अन्य पदार्थको विकास
३६. पशुपंक्षी बिमा
३७. पशु सेवा र प्राविधिको सम्बद्धता, स्तरीकरण तथा प्रमाणीकरण
३८. पशु सेवा सम्बन्धी प्रयोगशालाको सम्बद्धता सम्बन्धी विषय
३९. विश्व पशु स्वास्थ्य संगठन
४०. पशुपंक्षी आहार, पशुपन्छी फर्म तथा पशुपंक्षी विकास केन्द्र र
४१. नेपाल कृषि सेवाका सम्बन्धित समूहको सञ्चालन।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले उल्लेखित कार्यक्षेत्र भित्र रही सम्पादित काम कारवाहीका सम्बन्धमा समितिले संघीय संसद, प्रतिनिधि सभा नियमावली, २०७५ बमोजिम संसदप्रति उत्तरदायी र जवाफदेही बनाउन सम्पादन गरेका मुख्य–मुख्य कार्यहरु देहाय बमोजिम रहेका छन्ः–

- दक्षिणी सीमा नाकाबाट नेपाल भित्रने आलु, प्याज लगायतका तरकारी र फलफुलजन्य खाद्यान्नहरु नेपाली सीमा क्षेत्रमा नै रोकिएको सन्दर्भमा समितिको गम्भिर ध्यानाकर्षण भई फलफुल र तरकारीजन्य सामग्रीहरु धेरै दिनसम्म नटिक्ने र त्यस्ता सामग्रहीहरु बाटोमा लामो समयसम्म रोकावट हुनु व्यवहारिक दृष्टिले समेत अनुपयुक्त हुने हुँदा सरकारले नीति बनाएर आवश्यक स्थानमा प्रयोगशाला स्थापना गरी प्रविधियुक्त संरचना र दक्ष जनशक्तिको व्यवस्था गरी विना रोकावट आयात स्थानमा नै नियमित परीक्षण गरी आयात गर्ने व्यवस्था मिलाउन कृषि तथा पशुपंक्षी विकास मन्त्रालयलाई निर्देशन दिएको।
- गरिमा धानको वीउ आयातकर्ताले कानून वमोजिम प्रदान गर्नुपर्ने सूचना प्रवाह नगरेका कारणबाट नेपाली किसानहरुलाई पुग्न गएको क्षती वीउ आयातकर्तावाट पुर्ति गराउने तर्फ आवश्यक कदम चाल्न नेपाल सरकारको ध्यानाकर्षण गराइएको।
- प्लान्ट क्वारेन्टाईनको प्रावधानलाई कडाईको साथ कार्यान्वयन गरी क्वारेण्टाइनबाट उब्जेका किसानका समस्या तत्काल सम्वोधन गर्न कृषि तथा पशुपंक्षी विकास मन्त्रालयलाई निर्देशन दिएको।

## २.३ भूमिव्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्य क्षेत्र देहाय बमोजिम रहेको छः–

१. भूमिसुधार तथा व्यवस्था सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन;
२. मालपोत रजिष्ट्रेसन;
३. जग्गा दर्ता, मूल्याङ्कन, जग्गा प्रशासन र राजस्व सङ्कलन;
४. सरकारी जग्गा र सार्वजनिक जग्गाको अभिलेख व्यवस्थापन तथा संरक्षण;
५. भूमिसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलन;
६. अन्तर्राष्ट्रिय सीमा र सीमा स्तम्भको निर्माण, पुनःस्थापना तथा मर्मत सम्भार;
७. जग्गा नापजाँच सम्बन्धी प्रशासन;
८. अनिवार्य बचत योजना, ऋण वितरण तथा असुली;
९. जियोडेटिकल नापी, टोपोग्राफिक नक्सा तयारी र हवाई सर्वेक्षण लगायत नाप नक्सासम्बन्धी कार्य;
१०. गुठी संस्थान र सार्वजनिक गुठी अन्तर्गतको जग्गा व्यवस्थापन;
११. सुकुम्बासी समस्या;
१२. मुक्त कमैया, कम्लहरी र हलिया व्यवस्थापन;
१३. भू-उपयोगसम्बन्धी नीति तथा व्यवस्थापन;
१४. भौगोलिक सूचना पूर्वाधार;
१५. भू-सूचना तथा अभिलेख;
१६. सरकारी तथा पर्ती जग्गा अभिलेख, संरक्षण;
१७. अन्य मन्त्रालयको कार्य विभाजनमा नपरेका भूमिसम्वन्धी विषय

भूमिव्यवस्था, सहकारी तथा गरिविनिवारण मन्त्रालयले उल्लेखित कार्यक्षेत्र भित्र रही सम्पादित काम कारवाहीका सम्बन्धमा समितिले संघीय संसद, प्रतिनिधि सभा नियमावली, २०७५ बमोजिम संसदप्रति उत्तरदायी र जवाफदेही बनाउन सम्पादन गरेका मुख्य–मुख्य कार्यहरु देहाय बमोजिम रहेका छन्ः–

मन्त्रालयबाट प्राप्त भूमी सम्वन्धी विधेयक (आठौं संशोधन), २०७५ माथि समितिमा दफावार छलफल गरी सदनमा प्रतिवेदन पेश गरिएको ।

## २.४ वन तथा वातावरण मन्त्रालय

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७२ बमोजिम यस मन्त्रालयको कार्य क्षेत्र देहाय बमोजिम रहेको छः–

१. राष्ट्रिय वन सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
२. राष्ट्रिय वनको सर्वेक्षण, वर्गीकरण, नाप नक्सा र सीमाङ्कन,
३. निजी वन, सार्वजनिक वन, सरकारी वन, धार्मिक वन, सामुदायिक वन, साझेदारी वन, कबुलियती वन, चक्ला वन सम्बन्धी नीति, कानून र मापदण्ड,
४. वन्यजन्तु र चराचुरुङ्गी सम्बन्धी नीति, कानून र मापदण्ड,

५. राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा सिकार आरक्ष र सीमसार क्षेत्रसम्बन्धी नीति, कानून, मापदण्ड, योजना तथा कार्यान्वयन,

६. हात्तीसार,

७. प्राणी उद्यान (चिडियाखाना) सम्बन्धी नीति, कानून र मापदण्ड,

८. मध्वर्ती क्षेत्र तथा संरक्षण क्षेत्र व्यवस्थापन सम्बन्धी नीति र मापदण्ड,

९. जैविक विविधता, प्राकितक वातावरण संरक्षण, सदुपयोग र स्रोतको व्यवस्थापन,

१०. वन्यजन्तु, जैविक विविधता र वन पैदावार ओसारपसार एवं अपराध नियन्त्रण सम्वन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,

११. वन क्षेत्र अतिक्रमण र वन क्षेत्रको भू-उपयोगको परिवर्तन,

१२. वनस्पति उद्यान र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्बन्धी नीति, कानून र मापदण्ड,

१३. हर्वेरियम व्यवस्थापन,

१४. वनस्पतिहरुको रासयनिक गुणहरुको परीक्षण, प्रयोगशाला, प्रत्यायन, प्रमाणीकरण र गुणस्तर,

१५. आनुवांशिक स्रोत, दुर्लभ तथा लोपोन्मुख प्रजाति र आयातित प्रजाति,

१६. वातावरण, जलवायु परिवर्तन, जलवायु परिवर्तन अनुकूलन, न्यूनीकरणसम्बन्धी नीति, कानून र मापदण्ड,

१७. कार्बन सेवा र कार्बन सञ्चिति,

१८. अन्तर प्रादेशिक जङ्गल, हिमाल, वन, संरक्षण क्षेत्र, जैविक विविधता तथा भू-जलाधार क्षेत्रको संरक्षण, सम्बर्द्धन र व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

१९. अन्तरदेशीय वन तथा वन्यजन्तु सम्बन्धी विषय,

२०. वन, वनस्पति, वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी अध्ययन अनुसन्धान,

२१. प्राकृतिक नदी नाला, ताल तलैया, पोखरी, सीमसार एवं जलाधार क्षेत्रको वातावरणीइ संरक्षण एवं स्वच्छता कायम सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

२२. वायु र वायुमण्डलको गुणस्तर, मापदण्ड, अनुगमन र लेखाजोखा,

२३. हरित अर्थतन्त्र सम्बन्धी नीति र मापदण्ड,

२४. विकिरण, जल, ठोस, तापीय, नाभकीय, विद्युतीय, चुम्बकीय, रसायन, ध्वनिलगायतका प्रदूषण नियन्त्रण,

२५. हरितगृह ग्यासको मापदण्ड र नियमन,

२६. राष्ट्रियस्तरमा वातावरणीय सूचना प्रणाली,

२७. वातावरणीय प्रभाव अध्ययनसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

२८. राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति, राष्ट्रिय प्रकृति संरक्षण कोष,

२९. सशस्त्र वन रक्षक,

३०. मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय

३१. मन्त्रालयसम्बन्धी सार्वजिनक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,

३२. नेपाल वन सेवाको सञ्चालन।

वन तथा वातावरण मन्त्रालयले उल्लेखित कार्यक्षेत्र भित्र रही सम्पादित काम कारवाहीका सम्बन्धमा समितिले संघीय संसद, प्रतिनिधि सभा नियमावली, २०७५ बमोजिम संसदप्रति उत्तरदायी र जवाफदेही बनाउन सम्पादन गरेका मुख्य–मुख्य कार्यहरु देहाय बमोजिम रहेका छन्:–

- उक्त मन्त्रालय अन्तर्गतका देहायका सूचना एवम् तथ्यांङ्कहरु छ महिनाभित्र सम्वन्धित प्रदेश समेत खुल्ने गरी स्थानीय तहगत रुपमा तयार गरी समिति समक्ष पेश गर्न मन्त्रालयलाई निर्देशन दिएको

  क. राष्ट्रिय वनको नाप नक्सा र सीमाङ्कनको यथार्थ अवस्था खुल्ने विवरण,

  ख. वन क्षेत्रभित्र रुख र बुट्यानले ओगटेको जग्गाको अलग अलग क्षेत्रफलको विवरण, र

  ग. लगतमा वन क्षेत्र जनिएको अतिक्रमित जग्गाको क्षेत्रफल सहितको विवरण।

- राष्ट्रिय निकुञ्ज र वन्यजन्तु आरक्षको मध्यवर्ति क्षेत्रमा वसोवास गर्ने जनसमूदायहरुले भोग्नु परेको समस्याका सम्वन्धमा समितिमा प्राप्त उजुरीहरुका वारेमा छलफल भइ उक्त क्षेत्रहरुको यथार्थ अवस्थाका वारेमा जानकारी लिन मिति २०७६।०७।२५ गतेदेखि २०७६।०८।०२ गतेसम्म बाँके, बर्दिया, शुक्लाफाँटा र चितवन राष्ट्रिय निकुञ्ज तथा कोशीटप्पु बन्यजन्तु आरक्षको स्थलगत अध्ययन भ्रमण गरी प्रतिवेदन दिएको ।सो सम्वन्धी प्रतिवेदन अनुसूची-३ मा राखिएको छ ।
- अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति अन्तर्गतको बागमती नदी ब्यूटिफिकेशन कार्यक्रममा देखिएको अवरोधका सम्वन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिद्को कार्यालय, शहरी विकास मन्त्रालय, एशियाली विकास बैंक र पीडित किसानहरुका सम्वन्धमा देहायको निर्णय भएको:

  १. अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति अन्तर्गत बागमती नदी ब्यूटिफिकेशन कार्यक्रमका कार्यान्वयनका सन्दर्भमा देखिएका समस्याहरुको अध्ययन गर्न विभिन्न समयमा गठन भएका समिति तथा उपसमितिहरुले मुअब्जा नपाएका पीडित किसानहरुको जग्गाको मुअब्जा दिनु पर्ने भनि सिफारिस गरेको देखिन्छ। त्यसै गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०७१ मंसिर ७ गतेको निर्णयबाट पनि पीडित किसानहरुलाई क्षतिपूर्ति दिनु पर्ने उल्लेख गरेको पाईन्छ।ती समितिहरुले गरेको शिफारिसहरुमा कुनै पनि कार्य प्रारम्भ गर्नु पूर्व योजनाबद्व तबरबाट जग्गा अधिग्रहण गरी मुअव्जाको प्रक्रिया पुरा गरी व्यक्तिको जग्गा राज्यले लिनु पर्नेमा अनिवार्य रुपमा पालन गर्नु पर्ने कार्यविधि पूरा नगरी निजी जग्गामा नदीको बहाव क्षेत्र बनाईएको र सो पश्चात भएको नापीबाट खोलाको बहाव क्षेत्रलाई खोलाकै रुपमा नापी गरेको अवस्था रहेको देखिन्छ । विध्यमान कानुनको परिभाषाले खोलाको बहाव क्षेत्रलाई सार्वजनिक जग्गाको रुपमा परिभाषित गरेको र सार्वजनिक जग्गाको स्वामित्व नेपाल सरकारको हुने व्यवस्था गरेको कारण कानूनी तथा कार्यविधिगत रुपमा समस्या सृजना भएको अवस्था रहेको ।

     उक्त आयोजनामा व्यक्तिको जग्गा राज्यले लिएको देखिएता पनि जग्गा प्राप्ति ऐन, २०३४ ले निर्दिष्ट गरेको कार्यविधि र कार्य प्रकृया नपुर्याई उक्त जग्गा सार्वजनिक प्रयोगको लागि उपयोग गरेको पाइयो।व्यक्तिको जग्गाको मुअब्जा नदिई आयोजनाको काम अगाडि वढाउनाले विद्यमान समस्याको सीर्जना भएको हो ।अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समितिले गोकर्णश्वरी गुह्येखण्डको बागमती नदी किनारा दाँया बाँया जग्गा तटबन्ध, हरित क्षेत्र, सडक, ढल निर्माणको लागि निजी जग्गा प्रयोग गरेको देखिन्छ।जोरपाटी दक्षिण ढोकाको पुल भन्दा उत्तरतर्फ बागमती नदीको चौडाई ३५ मिटर र दक्षिण तर्फ ४० मिटर कायम गर्दा साविक (विनापी को २२/२०२१ .सं.) मा व्यक्ति बिशेषको नाममा दर्ता स्रेस्ता कायम भई तिरो तिरानभित्र रहेका कित्ता जग्गाहरु बागमती नदीभित्र परी अव उकास भई पुनः भोग चलन गर्न सकिने अवस्थामा छैन। बि .सं.२०५६ सालमा

नापी हुँदा उक्त जग्गा खोलाको बहाव क्षेत्रको रुपमा नापी भएको कारण कानूनी रुपमा मुअब्जा दिन अप्ठ्यारो परेको सन्दर्भमा मन्त्रिपरिषदबाट नीतिगत निर्णय गरी समस्याको समाधान गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई ध्यानाकर्षण गराउने ।

२. अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिबाट संचालित बागमती व्युटिफिकेशन आयोजनाको योजना मुताविकको कार्य सम्पादनमा पीडित किसानहरुले प्राप्त गर्नुपर्ने मुअब्जा नपाएका कारण आयोजनाको कार्य सम्पादनमा अवरोध पुगेको भन्ने समितिको ठहर रहेको छ ।तसर्थ, नदीको बहाव क्षेत्र भित्र परेका व्याक्ति विषेशका जग्गाको मुअब्जा दर निर्धारण गर्ने सम्वन्धमा मन्त्रिपरिषद् मार्फत सैद्धान्तिक सहमती प्राप्त गर्न, मन्त्रिपरिषद मार्फत सैद्धान्तिक सहमती प्राप्त भए पश्चात स्थानीय पिडित किसानहरुसँग वार्ता गरी कार्यसम्पादनमा देखिएको अवरोध हटाउन र मुअव्जा निर्धारणको लागी आवश्यक प्रकृया प्रारम्भ गर्न नेपाल सरकार, शहरी विकास मन्त्रालयलाई निर्देशन दिने ।

३. अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिलाई बागमती नदीको ब्युटिफिकेशन कार्यक्रम सुचारु राखी सो कार्यलाई सुन्दरीजल देखि चोभारसम्म बिस्तारका लागि आवश्यक सहयोग गर्न र हाल सञ्चालित आयोजनाको समयावधी थप गर्न एशियाली विकास बैंकलाई अनुरोध गर्ने ।

४. पीडित किसानहरुको स्वामित्वमा रहेको जग्गामा बागमती नदीको ब्युटिफिकेशन कार्यक्रम संचालन गर्ने प्रयोजनका लागि अधिग्रहण गर्दा खोलाको बहाब क्षेत्र भित्र परेको जग्गाको मुअब्जा प्रदान गर्ने प्रकृया प्रारम्भ गरेपछि उक्त कार्यक्रममा बाधा अडचन नगरी विकास कार्यमा सहयोग गर्न आन्दोलनरत किसानहरुलाई अनुरोध गर्ने ।

## परिच्छेद-३

## समिति अन्तर्गत गठीत उपसमिति

समितिले गर्नु पर्ने काम छिटो छरितो ढंगबाट सम्पादन गर्न समितिमा रहेका माननीय सदस्यहरुको रुची र क्षमता समेतलाई मध्यनजर गरी प्रतिनिधि सभा नियमावली २०७५ को नियम १८२ बमोजिम २०७६ साल चैत मसान्त भित्र समिति समक्ष प्रतिवेदन पेश गर्ने गरी देहायका उपसमिति गठन गरिएको थियो-

### ३.१ ऊर्जा उपसमिति

उपसमितिलाई ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय र सो मातहतका निकायहरुबाट सम्पादित देहायका विषयहरुको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरु यस्तै क्रियाकलापको मूल्याङ्कन गरी आवश्यक निर्देशन र समुचित टिप्पणी र सिफारिस सहितको प्रतिवेदन २०७६ चैत मसान्तसम्म समिति समक्ष पेश र उपसमितिले प्रत्येक महिना समिति समक्ष प्रगति विवरण पेश गर्नु पर्ने कार्यादेश रहेको थियो।यस उपसमितिमा देहाय बमोजिम माननीय सदस्यहरु रहनु भएको थियो ।

| क्र सं. | नाम थर | पद |
|---|---|---|
| १. | मा० राधा कुमारी ज्ञवाली | संयोजक |
| २. | मा० ओनसरी घर्ती | सदस्य |
| ३. | मा० महेश बस्नेत | सदस्य |
| ४. | मा0 देवप्रसाद तिमलसेना | सदस्य |

विषय क्षेत्र:

१. राष्ट्रिय गौरवका जलविद्युत आयोजनाहरुको अनुगमन
   a. माथिल्लो तामाकोशी जआ.वि.
   b. बुढी गण्डकी जआ.वि.
   c. पश्चिम सेती जआ.वि.
   d. भेरी ववई डाइभर्सन वहुउद्देश्यीय आयोजना

२. बुढी गंगा ज.आ.वि.

३. नदी बेसिन योजना तथा जलविद्यतु विकास गुरु योजना

४. विद्युत प्रशारण लाइनहरु
   a. काबेली कोरिडोर १३२ के.भी.
   b. खिम्ती –ढल्केबर २२० के.भी. प्रशारण लाईन ७५ कि.मी.
   c. अरुण–ईनरुवा तिङ्गला मिर्चैया ४०० के.भी. प्रशारण लाईन
   d. चिलिमे त्रिसुली प्रशारण लाईन

५. नेपाल विद्युत प्राधिकरणद्वारा निर्माणाधिन एवम् संचालनमा रहेका विद्युत आयोजना/प्रशारण लाइन

### ३.२ प्रधानन्त्री कृषि आधुनिकीकरण उपसमिति

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट सम्पादित देहायका विषयहरुको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरु यस्तै क्रियाकलापको मूल्याङ्कन गरी आवश्यक निर्देशन र समुचित टिप्पणी र सिफारिस सहितको अन्तिम प्रतिवेदन २०७६ चैत मसान्तसम्म समिति समक्ष पेश र उपसमितिले प्रत्येक महिना समिति समक्ष प्रगति

विवरण पेश गर्नु पर्ने कार्यदिश रहेको थियो। यस उपसमितिमा देहाय बमोजिम माननीय सदस्यहरु रहनु भएको थियो।

| क्र सं. | नाम थर | पद |
|---|---|---|
| १. | मा० भुपेन्द्रबहादुर थापा | संयोजक |
| २. | मा० पोल्देन छोपाङ्ग गुरुङ्ग | सदस्य |
| ३. | मा० भवानीप्रसाद खापुङ्ग | सदस्य |
| ४. | मा० लालकाजी गुरुङ्ग | सदस्य |
| ५. | मा० हरिबोलप्रसाद गजुरेल | सदस्य |

विषय क्षेत्र:

१. व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र विकास कार्यक्रम (जोन)

२. वृहत व्यवसायिक कृषि उत्पादन तथा औद्यागिक केन्द्र विकास कार्यक्रम (सुपरजोन)

३. देहायका सुपर जोनहरुको उत्पादन परिणामको तुलनात्मक अध्ययन गरी प्रभावकारीता विश्लेषण गर्ने

४. सुपरजोन

   a. कफी सुपर जोनगुल्मी-
   b. सुन्तलाजात सुपर जोनस्याङ्जा-
   c. जुनार सुपर जोनसिन्धुली-
   d. गहुँ सुपर जोनकैलाली -
   e. स्याउ सुपर जोनजुम्ला-
   f. तरकारी सुपर जोनकास्की-
   g. माछा सुपर जोनधनुषा र बारा-
   h. आलु सुपर जोनकाभ्रेपलाञ्चोक र डडेलधुरा-
   i. धान सुपर जोनबर्दिया-, कपिलवस्तु र झापा
   j. मकै सुपर जोन- दाङ्ग

## ३.३ भूमि उपसमिति

भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालयबाट सम्पादित देहायका विषयहरुको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरु यस्तै क्रियाकलापको मूल्याङ्कन गरी आवश्यक निर्देशन र समुचित टिप्पणी र सिफारिस सहितको अन्तिम प्रतिवेदन २०७६ चैत मसान्तसम्म समिति समक्ष पेश र उपसमितिले प्रत्येक महिना समिति समक्ष प्रगति विवरण पेश गर्नु पर्ने कार्यदिश रहेको थियो। यस उपसमितिमा देहाय बमोजिम माननीय सदस्यहरु रहनु भएको थियो ।

| क्र सं. | नाम थर | पद |
|---|---|---|
| १. | मा० दलबहादुर राना | संयोजक |
| २. | मा० नागेन्द्र कुमार | सदस्य |
| ३. | मा० राजबहादुर बुढाक्षेत्री | सदस्य |
| ४. | मा० रेनुकुमारी यादव | सदस्य |

विषय क्षेत्र:

१. मालपोतको विद्यमान प्रणालीलाई डिजिटलाइजेशन गरी सरलीकरण गर्न आवश्यक सुझाव दिने।
२. भूमि ऐन आठौं संशोधनले भूमिहीन सुकुम्बासीहरुलाई प्रदान गर्ने आवास सम्बन्धमा भएको कार्य प्रगती
३. नेपालको सीमा नक्सांकन
४. सरकारी जग्गा र सार्वजनिक जग्गाको अभिलेख व्यवस्थापन तथा संरक्षण
५. सरकारी तथा पर्ती, सडकले ओगटेका जग्गा अभिलेख, संरक्षण
६. अन्तर्राष्ट्रिय सीमा र सीमा स्तम्भको निर्माण, पुनःस्थापना तथा मर्मत सम्भार
७. सुकुम्बासी, मुक्त कमैया, कम्लहरी र हलिया व्यवस्थापन
८. भूसूचना तथा अभिलेख- व्यवस्थापन

## ३.४ वातावरण उपसमिति

वन तथा वातावरण मन्त्रालयबाट सम्पादित देहायका विषयहरुको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरु यस्तै क्रियाकलापको मूल्याङ्कन गरी आवश्यक निर्देशन र समुचित टिप्पणी र सिफारिस सहितको अन्तिम प्रतिवेदन २०७६ चैत मसान्तसम्म समिति समक्ष पेश र उपसमितिले प्रत्येक महिना समिति समक्ष प्रगति विवरण पेश गर्नु पर्ने कार्यादिश रहेको थियो। यस उपसमितिमा देहाय बमोजिम माननीय सदस्यहरु रहनु भएको थियो ।

| क सं. | नाम थर | पद |
|---|---|---|
| १. | मा० शान्ता चौधरी | संयोजक |
| २. | मा० छविलाल विश्वकर्मा | सदस्य |
| ३. | मा० सीतादेवी यादव | सदस्य |
| ४. | मा० सुरेशचन्द्र दास | सदस्य |

विषय क्षेत्र

१. वायु प्रदुषण नियन्त्रण
२. फोहर मैला व्यवस्थापन
३. प्लाष्टिक पदार्थको नियन्त्रण
४. खाद्य बस्तुमा प्याकेजिङका लागि प्रयोग हुने विकल्पको खोजी
५. सडक निर्माण र मर्मतको क्रममा धुलो नउड्ने व्यवस्था
६. ईटा, सिमेण्ट लगायतका उद्योगबाट उत्सर्जन हुने धुलो धुवा तथा प्रदुषित पानी मापदण्ड भित्र रहे नरहेको
७. नगरपालिकाहरुको फोहर मैला संकलन र विसर्जन
८. सडकमा छाडा छोडिएका गाई वस्तु तथा कुकुरको नियन्त्रण
९. राजमार्ग वरपरका नदी किनाराका घर पसलहरु बाट नदी वातावरणमा परेका असर
१०. जलवायुसम्बन्धी अध्ययन तथा अनुसन्धान

### ३.५ सहकारी उपसमिति

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट सम्पादित देहायका विषयहरुको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरु यस्तै क्रियाकलापको मूल्याङ्कन गरी आवश्यक निर्देशन र समुचित टिप्पणी र सिफारिस सहितको अन्तिम प्रतिवेदन २०७६ चैत मसान्तसम्म समिति समक्ष पेश र उपसमितिले प्रत्येक महिना समिति समक्ष प्रगति विवरण पेश गर्नु पर्ने कायदिश रहेको थियो। यस उपसमितिमा देहाय बमोजिम माननीय सदस्यहरु रहनु भएको थियो ।

| क सं. | नाम थर | पद |
|---|---|---|
| १. | मा० घनश्याम खतिवडा | संयोजक |
| २. | मा० भुमि त्रिपाठी | सदस्य |
| ३. | मा० ज्ञानकुमारी छन्त्याल | सदस्य |

विषय क्षेत्र

१. सहकारी ऐन नियमलाई संघीयता अनुकुल बनाउने सम्बन्धमा
२. सहकारी तथा गरिबी निवारणसम्बन्धी राष्ट्रिय नीति,योजना,कानुन,मापदण्ड र अनुगमन,
३. सहकारी तथा गरिबी निवारणसम्बन्धी अन्तर मन्त्रालय/ अन्तर प्रादेशिक समन्वय
४. सहकारी सम्बन्धी राष्ट्रिय तथ्यांक व्यवस्थापन गर्ने गराउने
५. सहकारितामा आधारित व्यवसाय प्रवर्धन र विकास गर्ने गराउने

### ३.६ सिंचाई उपसमिति

ऊर्जा तथा जलस्रोत मन्त्रालयबाट सम्पादित देहायका विषयहरुको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरु यस्तै क्रियाकलापको मूल्याङ्कन गरी आवश्यक निर्देशन र समुचित टिप्पणी र सिफारिस सहितको अन्तिम प्रतिवेदन २०७६ चैत मसान्तसम्म समिति समक्ष पेश र उपसमितिले प्रत्येक महिना समिति समक्ष प्रगति विवरण पेश गर्नु पर्ने कार्यदिश रहेको थियो। यस उपसमितिमा देहाय बमोजिम माननीय सदस्यहरु रहनु भएको थियो ।

| क सं. | नाम थर | पद |
|---|---|---|
| १. | मा० सत्यनारायण शर्मा खनाल | संयोजक |
| २. | मा० चन्द्रकान्त चौधरी | सदस्य |
| ३. | मा० शान्तिमाया तामाङ्ग पाखिन | सदस्य |

विषय क्षेत्र

१. सिंचाइसम्बन्धी एकीकृत नीति, कानून, मापदण्ड र नियमन
२. जलस्रोत, ऊर्जा, सिंचाइ र कृषि क्षेत्रसँग सम्बन्धित निकायहरुसँगको समन्वय
३. संघीय र अन्तरप्रदेश सिंचाइ प्रणालीको बाँध, जलाशय, अन्य संरचना, मूल नहरको सञ्चालन, मर्मत–सम्भार, व्यवस्थापनसम्बन्धी नीति, मापदण्ड र कार्यान्वयन

४. जोखिमयुक्त जिल्ला सदरमुकाम संरक्षण कार्यक्रम

५. नदी पथान्तरण योजना

६. सुनकोशी-मरिन, बागमती सिंचाई आयोजना ।

माथि उल्लेखित छ वटै उपसमितिहरुले आफ्नो कार्य निरन्तर गर्दै गरेको भएतापनि विश्वव्यापी महामारीको रुपमा COVID १९ का कारण उपसमितिहरुले समितिले प्रदान गरेको अख्तियारी अनुसारको समयमा प्रतिवेदन पेश गर्न असमर्थ रहेको।

## परिच्छेद ४
## विधायन सम्बन्धी कार्य

संघीय संसद प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७५ उपनियम (१) को खण्ड (क) बमोजिम समितिले हालसम्म आफ्नो कार्यक्षेत्र भित्र पर्ने विषय सम्बद्ध पाँचवटा विधेयकमाथी समितिमा दफावार छलफल गरी सो सम्बन्धी प्रतिवेदन प्रतिनिधि सभा समक्ष प्रस्तुत गरेको छ।

### ४.१ वातावरण संरक्षण विधेयक, २०७५

प्रतिनिधि सभाको मिति २०७६ जेठ १३ गतेको निर्णयानुसार प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०९ उपनियम (१) को खण्ड (ख) बमोजिम वातावरण संरक्षण विधेयक, २०७५ लाई दफावार छलफलका लागि मिति २०७६ जेठ २३ गते कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिमा प्राप्त भएको थियो।

वातावरण संरक्षण विधेयक, २०७५ माथि मिति २०७६ असार ५ गतेबाट समितिमा छलफल प्रारम्भ भएको थियो। समितिले नेपाल सरकारको तर्फबाट विधेयक प्रस्तुत गर्नुका कारण र औचित्यका सम्बन्धमा माननीय वन तथा वातावरण मन्त्रीबाट विस्तृत जानकारी लिनुका साथै छलफलको क्रममा संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरु लगायत सम्बन्धी क्षेत्रका विषय विज्ञहरुबाट समेत संशोधन र विधेयकको आवश्यकताका सम्बन्धमा सैद्धान्तिक छलफल गरेको थियो।

विधेयक माथि विभिन्न १३ समुहका २२ जना माननीय सदस्यहरुबाट प्रस्तावना सहित २७ वटा दफाका विभिन्न उपदफा एवम् खण्ड उपखण्डहरुमा ५८ वटा संशोधन प्रस्ताव प्राप्त भएका थिए। बैठकमा भएको छलफल पश्चात प्रस्तावित विधेयक माथि समितिको विभिन्न मितिमा भएका जम्मा ८ वटा बैठहरुमा विस्तृत, गहन एवम् व्यापक रुपमा छलफल गरिएको थियो। बैठकमा नेपाल सरकारबाट प्रस्तुत विधेयक, माननीय सदस्यबाट परेको संशोधन, विज्ञहरुको विचार, र समितिका माननीय सदस्यहरुले छलफलका क्रममा राखु भएका धारणाहरु समेत समेटेर समितिले २०७६ श्रावण १४ गते सर्वसम्मत रुपमा प्रतिवेदन पारित गरेको थियो।

समितिको प्रतिवेदन अनुसूची-४ मा संलग्न छ।

### ४.२ भूमि सम्बन्धी (आठौं संशोधन) विधेयक, २०७५

विगत लामो समय देखि कायम रहेको सुकुम्वासी, भूमीहिन तथा अव्यवस्थित बसोबासीहरुको भूमी र भूमी माथिको स्वामित्वसंग सम्वन्धित समस्याहरु समाधान गर्ने मूख्य उदेश्यले नेपाल सरकार भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालयबाट संघीय संसदको प्रतिनिधि सभामा पेश भएको "भूमि सम्बन्धी (आठौ संशोधन) विधेयक, २०७५" सम्मानित प्रतिनिधि सभाको मिति २०७६ जेठ १३ गतेको निर्णयानुसार प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०९ उपनियम (१) को खण्ड (ख) बमोजिम दफावार छलफलका लागि मिति २०७६ जेठ २३ गते कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिमा प्राप्त भएको थियो।

"भूमि सम्बन्धी (आठौ संशोधन) विधेयक, २०७५" माथि २०७६ असार १ गतेबाट समितिमा छलफल प्रारम्भ भएको थियो। समितिले नेपाल सरकारको तर्फबाट विधेयक प्रस्तुत गर्नुका कारण र औचित्यका सम्बन्धमा माननीय भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रीबाट विस्तृत जानकारी लिनुका साथै छलफलको क्रममा संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरु लगायत सम्बन्धीत क्षेत्रका विषय विज्ञहरु र विधेयक माथी सरोकार राख्ने विभिन्न संघ संस्थाहरुबाट समेत संशोधन र विधेयकको आवश्यकताका सम्बन्धमा सैद्वान्तिक र दफावार छलफल गरेको थियो।

विधेयक माथि विभिन्न २० समुहका ४७ जना माननीय सदस्यहरुबाट ९ वटा दफाका विभिन्न उपदफा एवम् खण्ड

उपखण्डहरुमा ४३ वटा संशोधन प्रस्ताव प्राप्त भएका थिए। बैठकमा भएको छलफल पश्चात प्रस्तावित विधेयक माथि समितिको विभिन्न मितिमा भएका ११ वटा बैठकहरुमा विस्तृत, एवम् गहन रुपमा छलफल भएको थियो। बैठकमा नेपाल सरकारबाट प्रस्तुत विधेयक, माननीय सदस्यबाट परेको संशोधनहरु, सम्वन्धित विषयका विज्ञहरुको विचार, विधेयक माथी सरोकार राख्ने सरोकार समुहहरुबाट प्राप्त सुझावहरु र समितिका माननीय सदस्यहरुले छलफलका क्रममा राखु भएका विचारहरुलाई समेत समेटेर समितिले २०७६ श्रावण २३ गते सर्वसम्मत रुपमा प्रतिवेदन पारित गरेको थियो।

समितिको प्रतिवेदन अनुसूची-५ मा संलग्न छ।

### ४.३ वन विधेयक, २०७५

राष्ट्रिय वनको प्रभाबकारी व्यवस्थापन, उपयोग र लाभको न्यायोचित बाँडफाँड गर्ने, वनको प्रवर्द्धन र बिकास गरी वन्यजन्तु, वातावरण, जलाधार एवं जैविक विविधताको संरक्षण, सम्बर्द्धन तथा सदुपयोग गरी वनको उपयोग मार्फत मुलुकको समृद्दिमा वन ऐनको अहम भूमिका रहने छ। "वन विधेयक, २०७५" मार्फत राष्ट्रिय वनलाई सरकारद्वारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, सामुदायिक वन, साझेदारी वन, कबुलियती वन, धार्मिक वनको रुपमा व्यवस्थापन गर्न र निजी, सार्वजनिक र सहरी वनको प्रवर्द्धन गर्दै वन्यजन्तु, वातावरण, जलाधार एवं जैविक विविधताको संरक्षण, सम्बर्द्धन तथा सदुपयोगमा महत्वपूर्ण योगदान पुर्याउँदछ।

सम्मानित प्रतिनिधि सभाको मिति २०७६ जेठ १३ गतेको निर्णयानुसार प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०९ उपनियम (१) को खण्ड (ख) बमोजिम दफावार छलफलका लागि मिति २०७६ जेठ २३ गते कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिमा प्राप्त भएको थियो।

"वन विधेयक, २०७५" माथि २०७६ असार ३ गतेबाट समितिमा छलफल प्रारम्भ भएको थियो। समितिले नेपाल सरकारको तर्फबाट विधेयक प्रस्तुत गर्नुका कारण र औचित्यका सम्बन्धमा माननीय वन तथा वातावरण मन्त्रीबाट विस्तृत जानकारी लिनुका साथै छलफलको क्रममा संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरु लगायत सम्बन्धीत क्षेत्रका विषय विज्ञहरु र विधेयक माथी सरोकार राख्ने विभिन्न संघ संस्थाहरुबाट समेत संशोधन र विधेयकको आवश्यकताका सम्बन्धमा सैद्धान्तिक र दफावार छलफल गरेको थियो।

विधेयक माथि विभिन्न १५ समुहका ३१ जना माननीय सदस्यहरुबाट विधेयकको प्रस्तावना सहित विभिन्न ५२ वटा दफाका विभिन्न उपदफा एवम् खण्ड उपखण्डहरुमा १४० वटा संशोधन प्रस्ताव प्राप्त भएका थिए। बैठकमा भएको छलफल पश्चात प्रस्तावित विधेयक माथि समितिको विभिन्न मितिमा भएका ८ वटा बैठकहरुमा विस्तृत, एवम् गहन रुपमा छलफल भएको थियो। बैठकमा नेपाल सरकारबाट प्रस्तुत विधेयक, माननीय सदस्यबाट परेको संशोधनहरु, सम्वन्धित विषयका विज्ञहरुको विचार, विधेयक माथी सरोकार राख्ने सरोकार समुहहरुबाट प्राप्त सुझावहरु, समितिको ईमेल मार्फत सर्वसाधारण नागरिकबाट प्राप्त सुझाव र समितिका माननीय सदस्यहरुले छलफलका क्रममा राखु भएका विचारहरुलाई समेत समेटेर समितिले २०७६ श्रावण ३० गते सर्वसम्मत रुपमा प्रतिवेदन पारित गरेको थियो।

समितिको प्रतिवेदन अनुसूची-६ मा संलग्न छ।

### ४.४ बिरुवा संरक्षण (पहिलो संशोधन) विधेयक, २०७५

सम्मानित प्रतिनिधि सभाको मिति २०७६ भदौ १ गतेको निर्णयानुसार प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०९ उपनियम (१) को खण्ड (ख) बमोजिम दफावार छलफलका लागि मिति २०७६ भदौ ३ गते कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिमा यो विधेयक प्राप्त भएको थियो।

"बिरुवा संरक्षण (पहिलो संशोधन) विधेयक, २०७५" माथि २०७६ भाद्र ६ गतेबाट समितिमा छलफल प्रारम्भ भएको थियो। समितिले नेपाल सरकारको तर्फबाट विधेयक प्रस्तुत गर्नुका कारण र औचित्यका सम्बन्धमा माननीय कृषि तथा पशुपंक्षी विकास मन्त्रीबाट विस्तृत जानकारी लिनुका साथै छलफलको क्रममा संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरु लगायत सम्बन्धित क्षेत्रका विज्ञहरु र विधेयकमा सरोकार राख्ने विभिन्न संघ संस्थाका प्रतिनिधिहरुबाट समेत संशोधन र विधेयकको आवश्यकताका सम्बन्धमा सैद्धान्तिक र दफावार छलफल गरेको थियो।

विधेयक माथि विभिन्न ५ समुहका १५ जना माननीय सदस्यहरुबाट विधेयकको प्रस्तावना सहित १४ वटा दफाका विभिन्न उपदफा एवम् खण्ड उपखण्डहरुमा २७ वटा संशोधन प्रस्ताव प्राप्त भएका थिए। बैठकमा भएको छलफल पश्चात प्रस्तावित विधेयक माथि विभिन्न मितिमा भएका ५ वटा बैठकहरुमा विस्तृत, एवम् गहन रुपमा छलफल भएको थियो। बैठकमा नेपाल सरकारबाट प्रस्तुत विधेयक, माननीय सदस्यबाट परेको संशोधनहरु, सम्वन्धित विषयका विज्ञहरुको विचार, विधेयक माथी सरोकार राख्ने सरोकार समुहहरुबाट प्राप्त सुझावहरु, समितिको ईमेल मार्फत सर्वसाधारण नागरिकबाट प्राप्त सुझाव र समितिका माननीय सदस्यहरुले छलफलका क्रममा राखेु भएका विचारहरुलाई समेत समेटेर २०७६ पौष २० गते समितिले सर्वसम्मत रुपमा प्रतिवेदन पारित गरेको थियो।

समितिको प्रतिवेदन अनुसूची-७ मा संलग्न छ।

### ४.५ बीउ बिजन (दोस्रो संशोधन) विधेयक, २०७५

सम्मानित प्रतिनिधि सभाको मिति २०७६ भदौ १ गतेको निर्णयानुसार प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०९ उपनियम (१) को खण्ड (ख) बमोजिम दफावार छलफलका लागि मिति २०७६ भदौ २ गते कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिमा यो विधेयक प्राप्त भएको थियो।

"बीउ बिजन (दोस्रो संशीधन) विधेयक, २०७५" माथि २०७६ मंसिर २५ गतेबाट समितिमा छलफल प्रारम्भ भएको थियो। समितिले नेपाल सरकारको तर्फबाट विधेयक प्रस्तुत गर्नुका कारण र औचित्यका सम्बन्धमा माननीय कृषि तथा पशुपंक्षी विकास मन्त्रीबाट विस्तृत जानकारी लिनुका साथै छलफलको क्रममा संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरु लगायत सम्बन्धित क्षेत्रका विज्ञहरु र विधेयकमा सरोकार राख्ने विभिन्न संघ संस्थाका प्रतिनिधिहरुबाट समेत संशोधन र विधेयकको आवश्यकताका सम्बन्धमा सैद्धान्तिक र दफावार छलफल गरेको थियो।

विधेयक माथि विभिन्न ७ समुहका १६ जना माननीय सदस्यहरुबाट विधेयकको प्रस्तावना सहित १६ वटा दफाका विभिन्न उपदफा एवम् खण्ड उपखण्डहरुमा ३९ वटा संशोधन प्रस्ताव प्राप्त भएका थिए। बैठकमा भएको छलफल पश्चात प्रस्तावित विधेयक माथि विभिन्न मितिमा भएका ६ वटा बैठकहरुमा विस्तृत, एवम् गहन रुपमा छलफल भएको थियो। बैठकमा नेपाल सरकारबाट प्रस्तुत विधेयक, माननीय सदस्यबाट परेको संशोधनहरु, सम्वन्धित विषयका विज्ञहरुको विचार, विधेयक माथी सरोकार राख्ने सरोकार समुहहरुबाट प्राप्त सुझावहरु, समितिको ईमेल मार्फत सर्वसाधारण नागरिकबाट प्राप्त सुझाव र समितिका माननीय सदस्यहरुले छलफलका क्रममा राखेु भएका विचारहरुलाई समेत समेटेर २०७६ पौष १५ गते सर्वसम्मत रुपमा प्रतिवेदन पारित गरेको थियो।

समितिको प्रतिवेदन अनुसूची-८ मा संलग्न छ।

## परिच्छेद-५
## निष्कर्ष र सुझाव

- राष्ट्रिय निकुञ्ज तथा आरक्ष क्षेत्र भएर बग्ने खोला/नदीमा ढुङ्गा, गिट्टी, बालुवा लगायत नदी जन्य पदार्थ अत्यधिक मात्रामा जम्मा भई वरपरको गाउँ वस्ति तथा भौतिक संरचना र वन्यजन्तुको वासस्थानमा असर पर्ने भएमा सो क्षेत्रबाट नदीजन्य पदार्थको समूचित उपयोग गरिनु पर्ने।
- राष्ट्रिय वनको नाप नक्सा र सीमाङ्कनको यथार्थ अवस्था, वन क्षेत्रभित्र रुख र बुट्यानले ओगटेको जग्गाको अलग अलग क्षेत्रफलको विवरण र लगतमा वन क्षेत्र जनिएको तर अतिक्रणमा परेको जग्गाको क्षेत्रफल खुल्ने गरीको विवरण तयार गर्नु पर्ने।
- नदी पथान्तरण योजना तयार गर्दा तल्लो तटका बासिन्दाहरुको अधिकार एवम् सुरक्ष तथा समस्यहरुका बारेमा वृहत अध्ययन गरी कार्यक्रम पनि पथान्तरण योजना संगसंगै तल्लो तटीय क्षेत्रलाई-संरक्षण गर्ने कार्यक्रम ल्याउनु पर्ने।
- सिंचाईको अभाव भएको कारण किसानहरुको खेत बाँझो रहने क्रम वढिरहेको हुँदा सिंचाईलाई सरकारले बजेटबाट नै पहिलो प्राथमिकतामा राख्नुका साथै पूर्ण क्षमतामा संचालन हुन नसकेका सिंचाई आयोजनाहरुको नियमित मर्मत संभार गरी पूर्ण रुपमा संचालन गरिनु पर्ने।
- खाद्य उत्पादन बढाई खाद्य सुरक्षाको प्रत्याभुत गर्न उन्नत बीऊको प्रयोगको अलावा खेती प्रणालीलाई पनि परिवर्तन गरिनु पर्दछ। जसका लागि कुन कुन स्थानमा कुन बीऊ, कहिले केके मलको प्रयोग गरी बाली लगाउने हो किसानले बुझ्ने गरी यथा समयमा संचार गर्नु पर्दछ ।
- विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाईरस (COVID-19) को संक्रमण र बन्दाबन्दी (Lockdown) को अवस्थामा दूध, कुखुरा, अण्डा, माछामासु, तरकारी, फलफूल उत्पादक किसानहरुलाई प्रत्यक्ष राहत पुग्ने कार्यक्रम ल्याउनु पर्ने। महामारी पश्चात निम्तिन सक्ने खाद्यसंकटलाई मध्यनजर गरी किसानहरुलाई आवश्यक पर्ने मल वीउको मौज्दातको यकिन गरी वजारमा आभाव हुन नदिने ब्यवस्था मिलाउनु पर्ने ।